महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७८

मिक्वाखोला गाउँपालिका,
ताप्लेजुङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं. २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७८/७९

च.नं. २१२

मितिः २०७८/५/४

श्री अध्यक्षज्यू,
मिक्वाखोला गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
ताप्लेजुङ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तह का सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजू उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तह का प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तह को वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं. २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८/७९

च.नं.: २११

मितिः२०७८।५।४

श्री अध्यक्षज्यू,
मिक्वाखोला गाँउपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
ताप्लेजुङ ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले मिक्वाखोला गाँउपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आयव्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आयव्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१०।१२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्यौंट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २५ यसैसाथ संलग्न छ ।
२. लेखापरीक्षणबाट रु. १ करोड ५० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १० लाख २५ हजार, प्रमाण पेश गर्नुपर्ने रु. ७९ लाख ५७ हजार र नियमित गर्नु पर्ने रु. १० लाख ६८ हजार रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

....
(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

लेखापरीक्षण प्रतिवेदन

२०७६।७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ५ वडा, २८ सभा सदस्य, ४४२.९६वर्ग किलोमिटर क्षेत्रफल तथा ९१६० जनसंख्या रहेको छ ।

स्थानीय सञ्चित कोष – आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

पालिकालाई एकिकृत वार्षिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म ले प फा नं २७२) अनुसार पालिकाको यस वर्षको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

आर्थिक कारोबारको स्थिति

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		**२९३५९७६८०**	**२७०३३५९९८**	**०**	**२७०३३५९९८**	**०**	**०**	**०**
क. प्राप्ति (सञ्चितकोषमा आम्दानी बाँधिने)		**२५६३२७०००**	**२३७६९२४६८**	**०**	**२३७६९२४६८**	**०**	**०**	**०**
११००० कर	११	५६२३००००	३४६५००४६	०	३४६५००४६	०	०	०
१३००० अनुदान		१९७१९१०००	२००९५९०००	०	२००९५९०००	०	०	०
संघीय सरकार	१२	१६५३७८०००	१६९१४६०००	०	१६९१४६०००	०	०	०
प्रदेश सरकार	१२	३१८१३०००	३१८१३०००	०	३१८१३०००	०	०	०
१४००० अन्य राजस्व		२९०६०००	२०८३४२२	०	२०८३४२२	०	०	०
ख. अन्य प्राप्ति		३७२७०६८०	३२६४३५३०	०	३२६४३५३०	०	०	०
वितरण गर्न बाकी राजस्व		०	०	०	०	०	०	०
कोषहरु		४१९२६८०	४२०७६८०	०	४२०७६८०	०	०	०
धरौटी		०	८७००००	०	८७००००	०	०	०
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		३३०७८०००	२७५६५८५०	०	२७५६५८५०	०	०	०
भुक्तानी (ग+घ)		३१२५६३३६८	२७११२६०७५	०	२७११२६०७५	०	०	०
ग. भुक्तानी (सञ्चित कोषबाट)		२७५२९२६८८	२३८८९१५१५	०	२३८८९१५१५			
२१००० पारिश्रमिक / सुविधा	१८	८०७१००००	६८०५८३९७	०	६८०५८३९७	०	०	०
२२००० मालसामान तथा सेवाको उपयोग	१८	७०१०१०००	५५३५३२३८.३७	०	५५३५३२३८.३७	०	०	०
२५००० सहायता	१८	२२६४०००	२२६३८२५.८	०	२२६३८२५.८	०	०	०

(Subsidy)								
२७००० सामाजिक सुरक्षा	१८	१६६९०००	१६६४४६२	०	१६६४४६२	०	०	०
२८००० अन्य खर्च	१८	७४३१०००	११६६२८०	०	११६६२८०	०	०	०
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	१०१८८५०००	९९१५२६२४.१९	०	९९१५२६२४.१९	०	०	०
अनुदान फिर्ता		११२३२६८८	११२३२६८८		११२३२६८८			
घ. अन्य भूक्तानी		३७२७०६८०	३२२३४५६०	०	३२२३४५६०	०	०	०
कोषहरु		४१९२६८०	३५९८७१०	०	३५९८७१०	०	०	०
धरौटी		०	१०७००००	०	१०७००००	०	०	०
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		३३०७८०००	२७५६५८५०	०	२७५६५८५०	०	०	०
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			०	0	०	0	0	0
ङ. यो वर्षको बचत (न्युन)		-१८९६५६८८	-७९००७७	०	-७९००७७	०	०	०
च.गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			१९३८१००७.७		१९३८१००७.७			
वर्षान्तको बाकी रकम (ङ + च)		-१८९६५६८८	१८५९०९३१	०	१८५९०९३१	०	०	०
बैंक तथा नगद बाकी	२४		१८५९०९३०.६१		१८५९०९३०.६१			०

दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी भए पश्चात रु. ११४७१७ असुल भई विभिन्न सञ्चित कोषमा दाखिला भएको छ ।	
	वित्तीय विवरण विश्लेषण	
१.	**वित्तीय विवरण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् । • स्थानीय तहले सञ्चित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र सञ्चित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । त्यसैले तोके बमोजिमका वित्तीय विवरण तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**आर्थिक कारोबार** – यस पालीकामा यस वर्ष रु.२७०३३३९९८ आय भएकोमा २०७७ असार मसान्त सम्म रु. २७११२६०७५ खर्च भई रु. ७९००७७ ऋणात्मक मौज्दात रहेको छ। गत वर्षको मौज्दात समेत बर्षान्तमा सञ्चित कोष र अन्य कोष रु.१८५९०९३० रहेको देखियो ।	
३.	**आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • आर्थिक सहायता र औषधी उपचारको रकम वितरण गर्दा सो सम्बन्धि कार्यविधि बनाएर मात्र गर्नु पर्नेमा गरेको देखिएन । • वडाहरु र नगरका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा (विउ विजन खरीद ,पाडा सुगुर, गाइ खरीद,कृषि सामान खरिद , सोलार खरिद, फर्निचर खरिद र सडक पुर्वाधार) विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण	

तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन।

- स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमकै मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाईयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको देखिएन।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन ।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन

	। • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरण संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार गरेको देखिएन । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) (२) वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो । • पालिकाले विद्यालयमा रकम निकासा गर्दा विद्यालयगत निकासा प्रष्ट देखिने गरी खाता राखेको देखिएन । • मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
४.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहमा उपाध्यक्ष श्री रुद्र कुमारी साँवा प्राङदेनले मिति २०७६।३।१० गते रु.२५६१०६००० बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।१० मा पारित भएको छ।यसैगरी स्थानीय तहका प्रमुखले २०७६।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।	
५.	**अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष पुँजीगत तर्फ अध्यक्ष कोषमा रु.१५००००० र समपुरक कोष भनी रु.५२३४००० गरी रु.६७३४००० अबण्डा राखेको छ।उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट बजेट व्यवस्था गरी खर्च गरेको छ। बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ।	

६. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
	९९१५२६२४	१९९५५३१	७८५२२००	८९३०४८९३	५८३,७९७११
खर्च प्रतिशत	१००	२	८	९०	५९

७. **पुंजीगत खर्च विधि -** कार्यालयवाट पेश भएको विवरण अनुसार पुंजीगत खर्च देहाय अनुसार गरेको पाइयो ।

जम्मा	खर्च रकम		
	कोटेशन	सिलबन्दी दरभाउपत्र	उपभोक्ता समिति वा लाभग्राही समुदाय
९८८२२९६०	१२७३१०००	२५४९५०००	६०५९६९६०
प्रतिशत	१३	२६	६१

कुल खर्च मध्ये ६१ प्रतिशत उपभोक्ता समितिवाट खर्च गरेकोले प्रतिष्पर्धात्मक विधिवाट खरिद गर्ने तर्फ पालिकाको ध्यान पुग्नु पर्दछ ।

८. **खरीद सम्झौता —** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार प्रथम चौमासिक अबधिमा ठेक्का सम्झौता गर्नुपर्ने स्पष्ट व्यवस्था भएकोमा पालिकाले देहाय अनुसार तेश्रो चौमासिकमा ३९ वटा कामको रु. ५९८८८४०० को ठेक्का सम्झौता गरेको पाइयो।साथै असार महिना समेत ३८ वटा सम्झौता रु. ५४५२६५९८ को गरेकोले कानुनमा उल्लेखित व्यवस्थाको पालना भएको नदेखिएकोले कानुनमा उल्लेखित व्यवस्थाको पालना गर्नेतर्फ गाउपालिका व्यवस्थापन विशेष सर्तक रहनु पर्दछ ।

कार्यक्रम को नाम	खरिद सम्झौता										यस वर्ष सम्पन्न	
	जम्मा		प्रथम चौमासिक		दोस्रो चौमासिक		तेस्रो चौमासिक		आषाढ महिनाको मात्र			
	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम
उपभोक्ता समिति द्वारा	१५२	६०५९६९६०	२	१७५००००	५९	२२२६५०००	८१	३४३२५९६०	१०	१९०६०००	१५२	६०५९६९६०
ठेक्का द्वारा	१४	२५४९५०००	-	-	१	१०००००००	११	२२००००००	२	३४९५०००	१४	२५४९५०००
कोटेशन	४	१२७३१०००	-	-	१	४५०००००	३	८२३१०००	-	-	४	१२७३१०००

०	१७०	९८८२२९६०	२	१७५००००	६१	२७७६५०००	९५	६४५५६९६०	१२	५४०१०००	१७०	९८८२२९६०	

९. **खरिद योजना —** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ बमोजिम सार्वजनिक निकायले तोकिए बमोजिम खरिदको गुरुयोजना तथा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। तर कार्यालयले यो वर्ष रु. ९९१५२६२४ को खरिद गरे पनि सो अनुरुप खरिद योजना तयार गरेको पाइएन। अतः ऐन तथा नियमावलीमा तोके बमोजिम गुरु योजना तथा वार्षिक खरिद योजना बनाउने र सो बमोजिम खरिद व्यवस्थापन गर्नेतर्फ कार्यालयले ध्यान दिनु पर्दछ।

१०. **आन्तरिक ऋण —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम गाउँपालिकाले वित्त आयोगको सिफारिसमा सम्बन्धित सभावाट स्वीकृत गरी उत्पादनशील, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ। यस गाउँपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन ।

११. **योजना छनौट —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवधिक वार्षिक रणनीतिगत विषयको योजना बनाउदा मध्यकालीन तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सोही ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याङ्कन कार्य गर्न सक्ने व्यवस्था रहेको छ। तर पालिकाले ९२ वटा सानो प्रकृतिका रु.५००००० भन्दा घटीका योजना अध्ययन अनुसन्धान र प्रभाव मूल्याङ्कन बेगर रु.२०२९४००० को छनौट तथा कार्यान्वयन गरेको देखियो। साना साना योजना वडावाट छनौट गरी कार्यान्वयन गर्ने गरेकोले मध्यकालीन तथा दीर्घकालीन योजना वनाइ मध्यम र ठुला आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ ।

१२. **उपभोक्ता समितिको श्रेस्ता अनुगमन —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिवाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजाँच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानूनबमोजिम कारबाही हुने व्यवस्था छ। उपभोक्ता समितिले राखेको लेखाको सम्बन्धमा अनुगमन गरेको देखिएन। उपभोक्ता समितिमार्फत् भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएकासँग खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन। उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेकोसमेत देखिएन। उपभोक्ता समितिले लेखा नराख्ने, कार्यालयबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने आयकर तथा भुक्तानीमा असुली गरिने कर रकम निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट छली हुन सक्ने भएकोले अनुगमन गर्नुपर्दछ।

१३. **निर्माण कार्य सञ्चालनको अवस्था —** गाउँपालिकाले पेश गरेको विवरण अनुसार यसवर्ष देहाय अनुसारको खर्च भएको विवरण पेश भएको छ। कुल खर्च मध्ये ७०.३% उपभोक्ता समिति मार्फत खर्च गरेकोले निर्माण व्यवसायी मार्फत प्रतिस्पर्धात्मक रुपमा खर्च गर्ने तर्फ गाँउपालिकाको ध्यान जानु पर्ने देखियो।

कार्यक्रमको नाम	निर्माण कार्यमा भएको कुल खर्च	कुल खर्च मध्ये उपभोक्ता समिति मार्फत भएको रकम	निर्माण व्यवसायीबाट भएको रकम
विभिन्न कार्यक्रम	८६०९१९६०	६०५९६९६०	२५४९५०००

१४.	**नक्सा पास —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ। तर यो वर्ष गाउँपालिकामा नक्सा पाससम्बन्धी कामकारबाही भएको छैन। त्यसैले तोकेबमोजिम संरचना निर्माण गर्नु पूर्व गाउँपालिकाबाट नक्सापास गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ।	
१५.	**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित १७ जना पदपूर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १० पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।	
१६.	**स्थानीय तथ्यांक र अभिलेख —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्यांकले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडी वढाउन आवश्यक छ। तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ।	
१७.	**कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको देखिएन।	
१८.	**कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन, ४ वटा नियमावली, १५ कार्यविधि लगायत २७ वटा कानून निर्माण गरी कार्यान्यिनमा ल्याएको छ।	
१९.	**न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर यो वर्ष न्यायिक समितिमा कुनै पनि विवाद दर्ता भएको देखिएन।	
२०.	**महोत्सव तथा अन्य खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन। तर गाउँपालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.११००००० खर्च गरेका छन।	

२१. **पदाधिकारी सुविधा** - २४।०७७।२।२३ स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफू निर्वाचित भई अनुसूची–१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखी मासिक सुविधा बापत पाउने व्यवस्था गरेको छ।पालिकाले पदाधिकारीको मासिक सुविधामा भुक्तानी गर्दा निम्नानुसार दरफरकपारी भुक्तानी गरेकोले वढी भुक्तानी असुल गर्नुपर्ने रु. ४७६०००

सुविधा	**विवरण**	**कर बाहेक बढी भुक्तानी रकम**
टेलिफोन	वडाध्यक्षलाई रु. २००० का दरले भुक्तानी गर्नुपर्नेमा रु.३००० का दरले भुक्तानी भएकोले ५ वडाको १२ महिनाको वढी भुक्तानी	५९४००
खाजा	वडाध्यक्षलाई रु.३००० का दरले भुक्तानी गर्नुपर्नेमा रु.५००० का दरले भुक्तानी भएकोले ५ वडाको १२ महिनाको वढी भुक्तानी	११८८००
पुस्तक पत्र पत्रिका	वडाध्यक्षलाई रु.१००० का दरले भुक्तानी गर्नुपर्नेमा २००० का दरले भुक्तानी भएकोले ५ वडाको १२ महिनाको वढी	५९४००
खानेपानी विजुली	वडाध्यक्षलाई रु. १००० का दरले भुक्तानी गर्नुपर्नेमा रु.२५०० का दरले भुक्तानी भएकोले ५ वडाको १२ महिनाको वढी	८९५००
सरसफाई मर्मत	वडाध्यक्षलाई रु. १००० का दरले भुक्तानी गर्नुपर्नेमा रु.२५०० का दरले भुक्तानी भएकोले ५ वडाको १२ महिनाको वढी	८९५००
अतिथि सत्कार	वडाध्यक्षलाई रु. ४००० का दरले भुक्तानी गर्नुपर्नेमा रु.५००० का दरले भुक्तानी भएकोले ५ वडाको १२ महिनाको वढी	५९४००
	जम्मा	४७६०००

२२. **पदाधिकारी सुविधा** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १ मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ ।पालिकाले यस वर्ष उपचार सुविधा वापत रु. २००००० निम्नानुसार खर्च लेखेको रकम प्रदेश ऐन विपरीत देखीएकोले यस्ता खर्चहरु नियन्त्रण तर्फ गाउँपालिकाको ध्यान जानु पर्ने देखिन्छ ।

पदाधिकारी	रोग किसिम	रकम
गा पा अध्यक्ष	प्यारलायसिस	१०००००
५नं वाडाध्यक्ष	पेटको रोग	१०००००
	जम्मा	२०००००

२३.	गाउँ तथा गाउँ सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ अनुसार गाउँपालिकाको हकमा अध्यक्ष र उपाध्यक्षले राजश्व र आन्तरिक आय एवं कार्यालयको कार्यवोझ समेतलाई ध्यानमा राखि कार्यपालिकाको निर्णय वमोजिम एक जना कर्मचारीलाई निजी सचिवको रुपमा राख्न सक्ने व्यवस्था रहेको छ । तर पालिकाले स्वकीय सचिव राख्दा आफ्नो आन्तरिक राजश्वको क्षमता लाई ध्यानमा राखी स्वकीय सचिव राख्नु पर्नेमा रु.२७१५०० मात्र आन्तरिक राजश्व रहेकोमा अध्यक्ष र उपाध्यक्ष दुवैले एक एक जना स्वकीय सचिव राखेको पाइयो।यो वर्ष स्वकीय सचिव २ जनाको तलव भत्तामा रु.५९६४२० खर्च भएको रकम आन्तरिक आयको दोव्वर देखियो।लेखापरीक्षणको क्रममा स्वकीय सचिवलाइ भ्रमण खर्च मासिक दुई वटाको दरले भुक्तानी भएको समेत पाइयो । यसरी आन्तरिक आयले नखाम्ने अवस्थामा भएको खर्च प्रदेश कानुन विपरित लेखेको देखिएको रु.	५९६४२०
२४.	**प्रदेश समपुरक अनुदानमा लागत साझेदारी नभएको -** प्रदेश नं. १ प्रदेश समपुरक अनुदान कार्यविधि, २०७५ को दफा ४(२) मा कुल लागतको बढीमा ७० प्रतिशत सम्म प्रदेश सरकारले समपुरक अनुदानको रुपमा प्रदान गर्ने उल्लेख छ । तर गाउँपालिकाले यस वर्ष सञ्चालन गरेको १ योजनामा रु.९९६२२८६ खर्च लेखेकोमा प्रदेश सरकारको मात्र श्रोतबाट खर्च लेखेकोले कार्यविधिमा उल्लेखित व्यवस्थाको पालना गरेको नदेखिएकोले ३० प्रतिशतले हुने रु.२९८८८८६ प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने देखिएको रु.	२९८८८८६
२५.	**अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले ३ वटा विद्यालयलाई भनि आई सी टि मैत्री सिकाईको लागि भनी रु. ४५०००० बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	
२६.	**व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ।यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै कर संकलन गरेको नदेखिएको साथै क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अद्यावधिक गरेको छैन।तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।	
२७.	**सेवा प्रवाह —** गाउपालिकाले पेश गरेको सेवा प्रवाह सम्वन्धि विवरण देहाय अनुसार रहेको छ	

क्र.सं.	विवरण	सेवा प्राप्तिका लागि निवेदन संख्या	सिफारिस संख्या
१	नागरिकता सिफारिस	३५१	३५१
२	घरबाटो सिफारिस	१४४	१४४
३	नाता प्रमाणित	१६४	१६४
४	जन्म, मृत्यु दर्ता	५०७	५०७

२८.	**विज्ञापन कर** - प्रदेश नं १आर्थिक ऐन, २०७६ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईन बोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लगाई असुल गर्ने उल्लेख छ।तर पालिकाले यस सम्बन्धी कुनै कर असूल गरेको देखिएन्।	

२९. **कृषिमा आय कर** - प्रदेश नं १ आर्थिक ऐन, २०७६ को दफा ६ मा आफ्नो कृषि आय प्रस्तुत गर्ने कृषकहरुको लागि निजहरुको स्वयं घोषणाको आधारमा कृषि आयमा कर लगाई असूल गरिने उल्लेख छ।तर पालिकाले यसवर्ष यस सम्बन्धी कुनै कर असूल गरेको देखिएन।

३०. **राजश्व कारोबारको लेखा** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम नियम ९२(१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ।कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०३ र १०८ प्रयोग नगरी आम्दानी गरेको छ।नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०३ र १०८ राखी राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ।साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो ।असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ।आम्दानी जस्तो संवेदनशील विषयमा गम्भीर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

आयकर एवं मु.अ.कर

३१. **भुक्तानीमा कर** –आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले प्रोत्साहन भत्ता रु.८०००० भुक्तानी १५ प्रतिशतका दरले रु.१२००० कर कट्टा गर्नुपर्नेमा रु.८०० मात्र कर कट्टा गरेकोले नपुग कर रु. ११२०० असुल हुनुपर्ने रु. ११२००

भौ नं मिति	कर्मचारीको नाम	भुक्तानी रकम	नपुग कर रकम
५४।११९।चैत्र।२०१।२९२	दावा शेर्पा	६००००	८४००
५४।११९।चैत्र।२०१।२९२	चन्द्र सावा	२००००	२८००
जम्मा		८००००	११२००

३२. **मूल्य अभिवृद्धि कर कट्टी** - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्नेमा पालिकाले देहायको भुक्तानीमा ५० प्रतिशत रु. ८६५७३९ राजस्व दाखिला नगरी फर्मलाई भुक्तानी दिएकोले कर समायोजन प्रमाण पेश हुनुपर्ने रु. ८६५७३९

भौ. नं. र मिति	फर्मको नाम	भुक्तानी रकम	भ्याट भुक्तानी	५०% भ्याट
२।०७६।६।११ समानिकरण पुँजीगत	मावोहाङ निर्माण सेवा	८४३५०१।००	९६८५२।००	४८४२६
३।०७६।६।१२ समानिकरण पुँजीगत	इलाम कम्प्युटर सप्लायर्स ट्रेड एण्ड सर्भिस सेन्टर इलाम	८४२८५०।००	९६९८०।००	४८४ ०
१ ०।० ७।२।६ समानिकरण पुँजीगत	थलङ चिनाब ङ रोड	२०८२३८१।००	२३३८९८।००	११६९४९
१६७।०७७।३।७ समानिकरण पुँजीगत	शिखर निर्माण सेवा	५९८५४१।००	६८८५८।००	३४४२९
१९६।०७७।३।२६ समानिकरण पुँजीगत	पहाडी निर्माण सेवा	२५००५९१।००	२८७६७८।००	१४३८३९

२०२।०७७।३।२८ समानिकरण पुँजीगत	शिखर निर्माण सेवा	७४८७८५।००	८६१४२।००	४३०७१
२०३।०७७।३।२८ समानिकरण पुँजीगत	शिखर निर्माण सेवा	५९९३९२।००	६८८७०।००	३४४३५
२०९।०७७।३।२८ समानिकरण पुँजीगत	हाडीखोला चिनावुङ भिर देखी नुक्काखोला मोटर बाटो	९३९७८५।००	१०८११६।००	५४०५८
२१०।०७७।३।२८ समानिकरण पुँजीगत	कान्छा राई कान्छा कन्स्ट्रक्सन	१८७२७६३।००	२१५४५०।००	१०७७२५
२१२।०७७।३।२८ समानिकरण पुँजीगत	तमोर भ्याली फुङफुङ्गे शैलेश्वरी कन्स्ट्रक्सन	४१२३५१२।००	४६८६३८।००	२३४३१७
जम्मा				८६५७३९

३३.	**लक्षित समूह खर्च** - स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १२ (७) अनुसार लक्षित समुहको मागको आधारमा लक्षित समुहको पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ ।कुनैपनि प्रकारका वितरणमूखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाउँपालिकाले गोष्ठी सभा सम्मेलन जस्ता कार्यक्रममा समेत खर्च गरेको देखिएकोले कार्यविधिको परिपालना भएको देखिएन।यस्ता कार्यमा सुधार हुनुपर्दछ ।	
३४.	**वन पैदावार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावार बिक्रीबापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाले सोसम्बन्धी अभिलेख तथा वन कार्ययोजना स्वीकृत गरेको देखिएन।आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन कार्ययोजनाको स्वीकृति तथा वन पैदावारको बिक्रीबाट प्राप्त हुने रकम आम्दानी गर्न पहल गर्नुपर्ने देखिन्छ ।	
	समानिकरण चालु	
३५.	**विल भरपाइ** - आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ ।तर पालिकाले सामुदायिक सिकाई केन्द्र मिक्वाखोला -१ खोक्लिङकी परिचालिका श्री मनकुमारी लिम्बुलाई तलब भत्ता तथा विविध कार्यक्रमको रु.१००००० भुक्तानी गरेकोमा विल भर्पाई पेश नभएको रु.	१०००००
३६.	**प्रमाण पेश** - ७५-२०७७/०१/२८ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । तर पालिकाले महिला भवन व्यवस्थापन समितिकी सचिव चन्द्रकला सुब्बाको नाममा दिईएको भुक्तानी भौचरमा संलग्न कागजातहरुमा योजना अनुगमन प्रतिवेदन र उक्त समितिको बैठकको माइन्युटमा उपभोक्ता भनि उल्लेख गरीएको पाईयो।यसरी उपभोक्ता मार्फत कार्य गराउँदा उपभोक्ता समितिको दर्ता, योजना सम्झौता, लागत अनुमानका आधारमा कार्य सम्पन्न गरी सो अन्तिम विल संलग्न गरी भुक्तानी हुनुपर्नेमा सम्पुर्ण प्रकिया पुरा नभएकोले अनियमित देखिएको रु.	१०००००

३७.	**लागत सहभागिता** - साआर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। तर पालिकाले श्री विअस पर्यटन तथा वातावरण परिषद र गा.पा. बिच भएको सम्झौता वमोजिम गा.पा.ले रु.१,००,०००र संम्वन्धित संस्थाले रु.२,७५० व्यहोर्ने गरी रु. १,०२,७५० को सम्झौता भएकोमा रु.८२,००५ बराबरको मात्र बिल पेश गरी रु.२०,७४५ बढि भुक्तानी गरेकोले असुल हुनुपर्ने रु.	२०७४५
	शसर्त कार्यक्रम	
३८.	**शिक्षक दरवन्दी र पदपूर्ती** - गाउपालिकाले पेश गरेको शिक्षक दरवन्दी र पदपूर्ती देहाय अनुसार रहेको छ ।	

सि.नं.	विधालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विधार्थी संख्या
१	मोती मावि	१६	१६	९	५१०
२	सावाँ मावि	१६	१५	७	३८८
३	बाल्देन मावि	६	६	२	१५४
४	सिम्बुक प्रावि	३	३	०	४३
५	किलिङ निमावि	३	२	०	६८
६	जनरात्री प्रावि	३	३	१	४९
७	हान्द्रुङ प्रावि	३	३	२	३५
८	राजेश्वरी प्रावि	३	३	२	५०
९	सिङ्हेश्वरी निमावि	६	६	३	१२८
१०	वैराखु प्रावि	३	३	०	२५
११	चिनावुङ प्रावि	३	३	२	३५
१२	ओझागाउँ निमावि	४	४	२	४७
१३	पञ्चेश्वरी मावि	९	८	२	२०२
१४	जनता प्रावि	३	३	०	२३
१५	भिरगाउँ प्रावि	२	२	१	१७
१६	कञ्चनजङघा प्रावि	३	३	१	२६
१७	सगरमाथा प्रावि	३	३	०	२३
१८	बेसीगाउ निमावि	४	४	१	७५

१९	सरस्वती प्रावि	२	१	१	४६
२०	मानाभरा प्रावि	२	२	२	३२
२१	शेर्पा प्राविा	३	२	१	५८
२२	सुनखानी प्राविा	३	३	३	२३
२३	नवज्योती प्राविा	२	२	१	२०
२४	मदन प्राविा	१	१	१	२९
२५	फुङफुङे प्राविा	१	१	१	४३
२६	अधेरी प्राविा	२	१	१	१७
२७	जनमुखि प्राविा	१	१	१	१५
२८	**जम्मा**	**११०**	**१०६**	**४७**	**२१८१**

उपरोक्त शिक्षक दरबन्दी र पदपुर्ति एवम् विधार्थी सङख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा १९ जना विद्यार्थी पढाउनु पर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको देखिदा गाँउपालिकाले शिक्षक दरवन्दी मिलानको कार्य यथाशिघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।

३९. **तलब भत्ता बढी भुक्तानी —** शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ। गाउँपालिकाले मातहतका विद्यालयहरुको तलब भत्ता निकाशा गर्दा निम्न शिक्षकहरुको तलब भत्ता दोहोरो निकासा गरेकोले बढी निकासा असुल गर्नु पर्ने रु.

विद्यालय	निकासा महिना	शिक्षकको नाम	बढी भुक्तानी रकम
साँवा मा.वि. २।२०७६।६।१०	प्रथम चौमासिक (१ महिना १३ दिन र चाडपर्वको पाउने)	सीताराम चौधरी	४८४५३
मोती मा.वि. २।२०७६।६।१०	प्रथम चौमासिक (१४ दिन र चाडपर्वको पाउने)	गोपी पौडेल	५८२५१
मोती मा.वि. १६।२०७६।११।५	दोश्रो चौमासिक (३महिना र १४ दिनको पाउने)	गोपी पौडेल	४४९२२
जम्मा			१५१६२६

१५१६२६

४०. **बढी निकासा —** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/७७ क्रियाकलाप नं. २.४.६.१ सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान शीर्षकमा कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान पाउने व्यवस्था गरिएको छ । कार्यालयले भौ.नं. २८।२०७७।०२।०९ बाट ७५ प्रतिशत र भौ.नं. ५३।२०७७।३।२४ बाट बाँकी २५ प्रतिशत गरी कुल पाठ्यपुस्तक अनुदान रु. १०१९८२५ निकाशा गरेको पाइयो । विद्यालयले पेश गरेको कक्षा १ देखि १० सम्मको कक्षागत IEMIS विवरण अनुसार निशुल्क पाठ्यपुस्तक अनुदान कुल रु. ८७०३०७ (१०० प्रतिशतको विल भरपाई पेश हुँदा

<table>
<tr><td></td><td>मात्र) निकासा हुनु पर्नेमा विद्यार्थीहरुका लागि पुस्तकालयमा आधारित निशुल्क पाठ्यपुस्तक अनुदान रु. १४९५१८ वढी निकासा गरेकोले एकिन गरी फिर्ता गर्नु पर्ने रु.</td><td>१४९५१८</td></tr>
<tr><td>४१.</td><td>वढी भुक्तानी — कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/७७ क्रियाकलाप २.७.१३.८ अनुसार प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामग्री व्यवस्थापन अनुदान निकासा गर्दा यथार्थ कक्षागत विद्यार्थी विवरण संख्या सँग सत्यापन गरिएको IEMIS तथ्याङ्क विवरण अनुसार निकासा गर्नुपर्ने उल्लेख छ।गाउँपालिकाले भौ.नं ३१।२०७७।२।९ बाट बुक कर्नर, पोर्टफोलियो, प्रारम्भिक बाल विकास गाउँपालिका अन्तरगत विद्यालयहरुका लागि अनुदान रकम भुक्तानी गर्दा IEMIS तथ्याङ्कमा उल्लेख भएको संख्या अनुसार रु.४८१८०० निकासा गर्नुपर्नेमा रु.५५३४१० निकासा गरेकोले रु.७१६१० बढी भुक्तानी गरेकोले असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.</td><td>७१६१०</td></tr>
<tr><td>४२.</td><td>खर्च भन्दा बढी रकम भुक्तानी — ३६।०७७।३।६ सशर्त अनुदान स्वास्थ्य आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भर्पाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ।तर पालिकाले न्यूनतम सेवा मापदण्डका लागि आवश्यक औजार खरिदको भुक्तानी गर्दा खर्चको पुष्टि गर्ने प्रमाण बिल भरपाईमा उल्लेख भएको खर्च भन्दा रु.३५६० बढी भुक्तानी गरेकोले असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.</td><td>३५६०</td></tr>
<tr><td>४३.</td><td>प्रयोजन वेगर खरिद - सशर्त अनुदान स्वास्थ्यः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५ उपनियम (२)(ख) मा खरिद गरिने माल सामान आवश्यक पर्ने समय खुलाई माग फाराम स्वीकृत गराई खरिद कार्य गर्नु पर्ने व्यवस्था छ।कार्यालयबाट खरिद गरिने सामानको आवश्यक पर्ने समय उल्लेख नगरी आर्थिक बर्षको अन्त्यमा विनियोजन रकम खर्च गर्ने उद्धेश्यले अत्यधिक मात्रामा खरिद गरेको पाइयो।स्थानीय तहका सबै स्वास्थ्य संस्थाहरुमा बार्षिक औषत ६० जना सम्म प्रसूति हुने विगत र यस वर्षको तथ्यांकले देखाएकोमा अहिलेको अनुपातको प्रसूति संख्याले करिब ५ वर्ष पुग्ने गरी ३०० थान न्यानो झोला खरिद गरेको पाइयो। हाल सम्म पनि खर्च हुन नसकी मौज्दात रहेको पाइयो।तसर्थ पालिकाले प्राप्त बजेटको आवश्यकताका आधारमा मितव्ययी ढगंले खर्च गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ।</td><td></td></tr>
<tr><td>४४.</td><td>बढी भुक्तानी भएको – १५।२०७७।३।३१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले लागत अनुमान तयार गर्दा स्थानीय निकायको लागि MoPPW को नर्म्स प्रयोग गरिएकोमा सहकारी सिंचाई साना सिंचाई मर्मत सशर्त अनुदानमा देहायको कार्य गर्दा स्वीकृत नर्म्स अनुसारको प्रविधिक इष्टिमेट परिमाण भन्दा घटी परिमाणमा काम गरेकोमा बढी भूक्तानी रु.५७५९असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>योजना</th><th>विवरण</th><th>लागत परिमाण</th><th>प्राप्त गरेको</th><th>फरक</th><th>दर</th><th>असुल रकम</th></tr>
<tr><td>सहकारी सिंचाई साना सिंचाई मर्मत सशर्त अनुदान</td><td>२० mmको HDPE पाईप खरिद (०.१३४ kg/metre)</td><td>१०८००</td><td>१०६९९</td><td>१२३</td><td>४१.४४</td><td>५७५९</td></tr>
</table></td><td>५७५९</td></tr>
<tr><td>४५.</td><td>नन् फाईलर - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ।तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. २४४०१२३ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु नन् फाईलर रहेकोले मू.अ.कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.</td><td>२४४०१२३</td></tr>
</table>

भौ. नं.मिति	विवरण	फर्मको नाम	कुल भुक्तानी	भ्याट रकम
४३।०७६।११।१७ पुँजीगत समानिकरण	प्रहरी चौकी लिवाङको किचेन मर्मत उ स मार्फत भुक्तानी	मिश्र सप्लायर्स एण्ड ट्रेडर्स प्यान नं.६००४९१७५६	११०६२०	१४३८०
८०।०७७।१।२९ पुँजीगत समानिकरण	चर्च सिलिङ मर्मत उ स मार्फत भुक्तानी	मिश्र सप्लायर्स एण्ड ट्रेडर्स प्यान नं.६००४९१७५६	६३२४६	१४३८०
८८।०७७।२।५ पुँजीगत समानिकरण	लिवाङ स्वास्थ्य चौकी व्यवस्थापन	मिश्र सप्लायर्स एण्ड ट्रेडर्स प्यान नं.६००४९१७५६	९३२८०	१२१२६
१०१।०७७।२।६ पुँजीगत समानिकरण	खहरेखोला आर सी सी कलभर्ट निर्माण उ स मार्फत भुक्तानी	मिश्र सप्लायर्स एण्ड ट्रेडर्स प्यान नं.६००४९१७५६	८१११६२	१०५४५१
१०२।०७७।२।६ पुँजीगत समानिकरण	सामुदायिक भवन निर्माण थलङ मादेन टोल उ स मार्फत भुक्तानी	मिश्र सप्लायर्स एण्ड ट्रेडर्स प्यान नं.६००४९१७५६	३१०११०।००	४०३१४
१०८।०७७।२।८ पुँजीगत समानिकरण	कोलेबोटे नक्लिङम खानेपानी मर्मत उ स मार्फत भुक्तानी	मिश्र सप्लायर्स एण्ड ट्रेडर्स प्यान नं.६००४९१७५६	१९७०९६	२५६२२
१०९।०७७।२।८ पुँजीगत समानिकरण	सरस्वती आ वि खेलमैदान टरपाली उ स मार्फत भुक्तानी	मिश्र सप्लायर्स एण्ड ट्रेडर्स प्यान नं.६००४९१७५६	१९१६३६	२४९१२
१२१।०७७।२।१६ पुँजीगत समानिकरण	हाङगाङ खानेपानी मर्मत उ स मार्फत भुक्तानी	मिश्र सप्लायर्स एण्ड ट्रेडर्स प्यान नं.६००४९१७५६	७०२८१	९१३६
१२२।०७७।२।१६ पुँजीगत समानिकरण	सिम्बुक खा पा मर्मत उ स मार्फत भुक्तानी	मिश्र सप्लायर्स एण्ड ट्रेडर्स प्यान नं.६००४९१७५६	२०७५२१	२६९७७
१३२।०७७।२।२१ पुँजीगत समानिकरण	सिम्बुक नाकेखोला आर सि सि पुल निर्माण उ स मार्फत भुक्तानी	मिश्र सप्लायर्स एण्ड ट्रेडर्स प्यान नं.६००४९१७५६	७४३९५	९६७१
१४०।०७७।२।२२ पुँजीगत समानिकरण	बाल्देन मा वि तारजाली फाउण्डेसन उ स मार्फत भुक्तानी	मिश्र सप्लायर्स एण्ड ट्रेडर्स प्यान नं.६००४९१७५६	७७५४६	१००८०
१४२।०७७।२।२२	ताङखु प्रेमटोल	मिश्र सप्लायर्स एण्ड	८६३७३	११२२८

	पुँजीगत समानिकरण	खानेपानी मर्मत उ स मार्फत भुक्तानी	ट्रेडर्स प्यान नं.६००४९१७५६				
	१५०।०७७।२।२३ पुँजीगत समानिकरण	मदन आ वि घेराबारा उ स मार्फत भुक्तानी	मिश्र सप्लायर्स एण्ड ट्रेडर्स प्यान नं.६००४९१७५६	१२२६२३	१५९४३		
	१५४।०७७।२।२६ पुँजीगत समानिकरण	मिक्लादेन खा पा उ स मार्फत भुक्तानी	मिश्र सप्लायर्स एण्ड ट्रेडर्स प्यान नं.६००४९१७५६	५२५८२	६८३५		
	१६०।०७७।३।५ पुँजीगत समानिकरण	आर सि सि कल्भर्ट ओर्लुक्मा खोला उ स मार्फत भुक्तानी	मिश्र सप्लायर्स एण्ड ट्रेडर्स प्यान नं.६००४९१७५६	११५८३०	१५०५७		
	१६५।०७७।३।६ पुँजीगत समानिकरण	सेलजुङ देखि फिलिङ्गे टोल पाइप खरिद उ स मार्फत भुक्तानी	मिश्र सप्लायर्स एण्ड ट्रेडर्स प्यान नं.६००४९१७५६	१४७१८२	१९१३३		
	१७५।०७७।३।१८ पुँजीगत समानिकरण	खेन्जुवा देखि थेगिहिम्बा सम्म कुलो मर्मत उ स मार्फत भुक्तानी	मिश्र सप्लायर्स एण्ड ट्रेडर्स प्यान नं.६००४९१७५६	१२७१२५	१६५२६		
	१७८।०७७।३।१९ पुँजीगत समानिकरण	मिलन रोल र तुम्बायक टोल खानेपानी निर्माण उ स मार्फत भुक्तानी	मिश्र सप्लायर्स एण्ड ट्रेडर्स प्यान नं.६००४९१७५६	१८१८७१	२३६४३		
	१८०।०७७।३।१९ पुँजीगत समानिकरण	माङ्गेना चर्पि निर्माण उ स मार्फत भुक्तानी	मिश्र सप्लायर्स एण्ड ट्रेडर्स प्यान नं.६००४९१७५६	१८९५०	२४६३		
	१८३।०७७।३।१९ पुँजीगत समानिकरण	फर्निचर खरिद गरेको	मिश्र ट्रेड कन्सर्न प्यान नं.६००४९१७५६	४७८०८०	६२१५०		
	२१४।०७७।३।२९ पुँजीगत समानिकरण	महिला भवन निर्माण उ स मार्फत भुक्तानी	मिश्र ट्रेड कन्सर्न प्यान नं.६००४९१७५६	८३४००३	१०८४२०		
	२०१।०७७।३।३ प्रदेश समपुरक	थलङ सावा सितलपाटी बरफुङ फुङफुङे झरना	तमोर भ्याली फुङफुङे शैलेश्वरी कन्स्ट्रक्सन जे भी	६६००६६७	८५८०८६		
	१९६।०७७।३।१६ प्रदेश समपुरक	थलङ साँवा बुरबुङ फुङफुगे मो बाटो	पहाडी निर्माण सेवा प्यान नं.३०५०२३८३२	२२१५५१५	२८८०१६		
	७।०७७।३।२३	सावा मा वि फूङफुङे	पहाडी निर्माण सेवा	४५५८४३५	५६६५९६		

प्रदेश निर्वाचन क्षेत्र विकास	पापुङग सडक	प्यान नं.३०५०२३८३२		
१४।७७।३।२८ प्रदेश निर्वाचन क्षेत्र विकास	लिङद्रगं खोल्सा चोक सडक	पहाडी निर्माण सेवा प्यान नं.३०५०२३८३२	८७६९२२	११३९९९
३७/२०७७/३/६ सशर्त अनुदान स्वास्थ्य	न्यानो झोला खरिद	मिश्र ट्रेड कन्सर्न नं.६०१९९८९९३	२९९८४५	३८९७९
जम्मा				२४४०१२३

४६. **बिल भरपाई लगायत कागजात पेश नभएको** - आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ।तर पालिकाले देहायअनुसारको भुक्तानीमा बिल भरपाई नराखी भुक्तानी गरेको देखिएकोले प्रमाण पेश हुनुपर्ने रु. १५६२३२०

भौ. नं.मिति	विवरण	रकम
९७।०७७।२।६ समानिकरण पुंजीगत	बैङ्क नगदी किताबमा रु ४०००००।०० खर्च देखिए पनि भौचर सहित बिल भरपाई समेत पेश गर्नुपर्ने	४०००००
२७४।०७५।३।१९ समानिकरण चालु	सावा मा वि	२०००००
२६३।०७५।३।१७ समानिकरण चालु	सोनाम वाल विकास केन्द्र	५००००
२६८।०७५।३।१८ समानिकरण चालु	मानमा खेलकुद विकास समिति	५००००
२२५।०७५।२।२५ समानिकरण चालु	फरक सक्षम पोषण खरीद	१८००००
२८२।०७५।३।२१ समानिकरण चालु	सुआहारा अनिता घिमिरे	१०००००
२८८।०७५।३।२१ समानिकरण चालु	पोलर ब्लाङकेट वितरण	८२३२०
२६६।०७५।३।१८ समानिकरण चालु	लक्पाकी शेर्पा सुत्केरी पोषाण	१०००००
४२।२०७७।३।१७ सशर्त अनुदान	माटो परीक्षण गरि माटो सुधारका लागि सामग्रि वितरण खर्चको भर्पाइ नभएको	२०००००
४९।२०७७।३।२३, ५४।२०७७।३।२५, ६५।२०७७।३।३० सशर्त अनुदान	औषधी ढुवानी खर्च कुन कुन मितिमा के के सामान ढुवानी गरेको सो को माध्यम, भरपाई, हस्तान्तरण फारम, स्टोर दाखिला समेत पेश गर्नु पर्ने, कर कट्टी दाखिला समेत पेश हुनु पर्ने	२०००००
	जम्मा	१५६२३२०

समानीकरण पुंजीगत

४७. **धरौटी रकम कट्टा नगरेको –** सार्वजनिक खरिद नियमावली २०६४ को दफा १२३ को (३) मा खरिद कार्यमा बिल विजकको भुक्तानी गर्दा सार्वजनिक निकायले रिटेन्सन मनी वापत रनिङ वा अन्य बिल वा विजकमा उल्लिखित रकमको पाँच प्रतिशत रकम कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ।तर पालिकाले देहायको निर्माण वा खरिद कार्यको भुक्तानी दिदा धरौटी कट्टा नगरी भुक्तानी दिएको देखिएको रु. ३७२२०८

भौ. नं. र मिति	विवरण	भुक्तानी रकम	असुल गर्नुपर्ने रकम
२०१।०७७।३।३ प्रदेश सरकार समपुरक	तमोर भ्याली कन्स्ट्रक्सन को थलङ सावा सितलपाटी बरफुङ फुङ फुङे झरना निर्माण कार्यको भुक्तानी	६६००६६७।००	३३००३३
२।०७६।६।११ पुँजीगत समानिकरण	मावोहाङ्ग निर्माण सेवालाई भवन निर्माण कार्यको भुक्तानी	८४३५०१।००	४२१७५
जम्मा			३७२२०८

४८. **कार्यसम्पादन भन्दा वढी भुक्तानी —** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा सम्झौता अनुसार भुक्तानी दिनु पर्ने व्यवस्था छ।तर पालिकाले देहायको निर्माण कार्य तथा मालसामान खरिद कार्यमा सम्झौता अनुसारको वास्तविक कार्यसम्पादन भन्दा रु.५०९६८ बढी भुक्तानी गरेकोले असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. ५०९६८

भौचर नं र मिति	भुक्तानी पाउने	कार्यसम्पादन,बिजक ,सम्झौता	भुक्तानी भएको	असुल गर्नुपर्ने
१९६।०७७।३।१६ प्रदेश समपुरक	पहाडि निर्माण सेवा	सम्झौता रु २५००५९१	२५०३५३२	२९४१
७।०७७।३।२३ प्रदेश निर्वाचन क्षेत्र विकास	पहाडि निर्माण सेवा	बिजक रु ४९२५०३२	४९७३०५९	४८०२७
जम्मा				५०९६८

४९. **बहाल कर असुल –** लागत अनुमानमा ढुवानी रकम समावेश गर्दा पालिकाले बहाल कर सहितको रेट समावेश गरे पनि देहायको योजनाको भुक्तानी दिदा बहाल कर कट्टा नगरी भुक्तानी भएको रु. ६५५०३ को १० प्रतिशतले हुने कर असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. ६५४९

भौ. नं. र मिति	विवरण	भुक्तानी रकम	असुल गर्नुपर्ने रकम
१३१।०७७।२।२१ पुँजीगत समानिकरण	ढुवानीमा कर भुक्तानी भएको भएपनि कट्टा नगरिएको	२०१४७	२०१४
१७६।०७७।३।१८	पावाखोला ल ज वि मर्मत पोल	४५३५६	४५३५

पुँजीगत समानिकरण	खरिद उपभोक्ता समिति लाइ भुक्तानी		
जम्मा		६५५०३	६५४९

५०. **लागत अनुमानमा उल्लेखित सामान खरिद नगरेको** – ९५।०७७।२।५ सार्वजनिक खरिद नियमावली २०६४ को दफा १२५ मा खरिद कार्यको समाप्ती पछि भुक्तानी गर्दा लागत अनुमान अनुसारको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनु पर्ने हुन्छ। तर पालिकाले शेर्पा प्रा वि को खेलमैदान निर्माणको भुक्तानी दिदाँ लागत अनुमानमा एच.डी.इ.पी पाइप खरिदको लागी भ्याट सहित रु ११६२०।०० उल्लेख गरेको भए पनि सम्बन्धित उपभोक्ता समितिले पेश गरेको बिल भरपाईवाट एच.डी.इ.पी पाइप खरिद गरेको नदेखिएको तर भुक्तानी दिदा सबै भुक्तानी गरेकोले बढी भुक्तानी रु.११६२० सम्बन्धित उपभोक्ता समितिवाट असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. ११६२०

- **उपभोक्ता समिति मार्फत कार्य**

५१. **लागत सहभागिता** – पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ।तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्।अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

५२. **निर्माण व्यवसायीबाट काम गराएको** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७.१३(क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काम निर्माण व्यवसायीबाट गराएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समितिसँगको सम्झौता रद्द गरी त्यस्तो समितिलाई भविष्यमा कुनै किसिमको काम गर्न नदिने अभिलेख राखी निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरीद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने उल्लेख छ । ग्रामीण सडक निर्माण गर्न सम्झौता गरेका उपभोक्ता समितिहरुले सडक निर्माणको काम निर्माण व्यवसायीलाई दिई निर्माण व्यवसायीले सडक निर्माण गरेको उल्लेख गरी जारी गरेको विजक कार्यालयमा पेश गरेको आधारमा उपभोक्ता समितिलाई भुक्तानी हुने गरेको देखिएको छ यसरी नियमको पालना नगरी प्रतिस्पर्धाबाट प्राप्त हुन सक्ने लाभलाई सिमित पार्ने र स्थानीय स्वामित्व ग्रहण गर्ने गरी आफै उपभोक्ता समितिवाट हुनु पर्ने कामलाई देहायका निर्माण व्यवसायीलाई दिने उपभोक्ता समितिलाई कारबाही गरी सडक निर्माणको काम प्रतिस्पर्धा गराइ सञ्चालन गरीनुपर्दछ ।

भौ.नं. र मिति	योजनाको नाम	विवरण	रकम
४६।०७६।११।१७ पुँजीगत समानिकरण	ओझा गाउँ बाघशाला रोड निर्माण	प्रतिभा कन्स्ट्रक्सन मार्फत गराएको	११०००००
४७।०७६।११।१७ पुँजीगत समानिकरण	ताखुङ योग्मा रोड मर्मत	शिखर निर्माण सेवा मार्फत गराएको	१००५००
१०।०७७।३।२७ प्रदेश निर्वाचन	हाङगुरे खोल्सा सल्लेरी ओइराखु मो बाटो	डि एम कन्स्ट्रक्सन मार्फत गराएको	९९३२४९
१४।०७७।३।२८ प्रदेश निर्वाचन	लिङद्रगं खोल्सा चोक सडक	पहाडी निर्माण सेवा प्रा लि मार्फत गराएको	९९०९२२
जम्मा			३१८४६७१

५३.	**उपभोक्ता समितिलाइ भ्याट बिल भुक्तानी** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मू.अ.कर बिजक जारी भएको अवस्थामा मात्र मू.अ.कर भुक्तानी दिन मिल्ने तथा सोही ऐनको दफा १५ मा दर्ता नभएको व्यक्ति वा फर्मले मू.अ.कर असुल गर्न नमिल्नेमा पालिकाले निम्नानुसारको योजनाको भुक्तानी दिदा भ्याटको रकम भुक्तानी गरेकोमा बिजक संलग्न गरेको नदेखिएकोले भुक्तानी भएको भ्याट उपभोक्ता समितिहरुबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.	६५५६३

भौचर नं. र मिति	उपभोक्ता समितिको नाम	विवरण	रकम	असुल गर्नु पर्ने
१३५।०७७।२।२२ समानिकरण पुँजीगत	वडा कार्यालय भित्ता बाटो ठेस गारो उ स	सिमेन्ट खरिद	११२५०।००	१४६२
२०५।०७७।३।२८ समानिकरण पुँजीगत	वडा नं. २ हाउस वायरिङ उ स	वायरिङ सम्बन्धी विभन्न सामाग्री	कुल भ्याट रकम रु.४१२८७७।०० भुक्तानी भएपनि रु.३७२९०३।०० मात्र भ्याट तिरेको	३९९७४
२०४।०७७।३।२८ समानिकरण पुँजीगत	वडा नं. १ हाउस वायरिङ उ स	वायरिङ सम्बन्धी विभन्न सामाग्री	कुल भ्याट रकम रु.४१२८७७।०० भुक्तानी भएपनि रु.३९६९४०।०० मात्र भ्याट तिरेको	१५९३७
४५।२०७७।३।१९ सशर्त	भकारो सुधार कार्यक्रम	सिमेन्ट खरिद	६३०००।००	८१९०
जम्मा				६५५६३

५४.	**औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । औषधी व्यवस्थापन सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन ।	
५४.१.	खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,	
५४.२.	आपूर्ति हुने औषधी डब्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,	

५४.३. आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

५४.४. औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

५४.५. औषधीको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको पाइयो ।

तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

५५. **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा उपभोक्ता समिति मार्फत थलङ फुङफुङे मोटरबाटो मर्मत, थापागाउँ खोक्लिङ मोटरबाटो निर्माण, गोरेटो बाटो निर्माण तथा सोलिङ लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २७६ जनालाई रोजगारी उपलव्ध गराई रु. १६७४३७५ खर्च गरेको छ। लक्षित वर्गलाई २३७५ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन ।

५६. **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ।

५७. **डीपीआर खर्च** — बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।

क्र.सं.	कार्यक्रमको नाम	परामर्शदाता	स्वीकृत बजेट	खर्च रकम	अध्ययनबाट निर्धारण भएका आयोजनाको लागत
१.	साँवा मा.वि. भवन	मारुती कन्सलटेन्ट प्रा.लि.	१२५००००	१२०६८४०	७४०५२०६१.४४
२	सिंहेश्वरी आ.वि. भवन	सुगी इन्जिनियरिङ कन्सलटेन्सी	७९००००	७८९८७०	४१८५००७६
३	गाउँपालिका भवन	ब्रिक कन्सलटेन्ट प्रा.लि.	१९६००००	१९५७१६०	९७९५४७६८.८३
४	५ वटा मोटरबाटो निर्माण	रासी मेची इन्जिनियरिङ कन्सलटेन्सी	१७३१०००	१७३१०००	२१११७३९०५
५	तरङ्गबुङ पुल	इष्ट्रन इन्जिनियरिङ कन्सलटेन्सी	२१५०००	२०९०५०	६३१८००१.९०
जम्मा					४३१३४८८१३

	डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।	
५८.	**गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन। उदाहरणको रुपमा २००।०७७।३।२७ पुँजीगत समानिकरणमा ताप्लेजुङ कम्प्युटर एण्ड सप्लयार्सवाट रु.४९७४८३ ल्याप्टप लगायत सामग्री खरिद गरी गुणस्तर परिक्षण नगरी भुक्तानी दिएको देखियो।	
	सामाजिक सुरक्षा कार्यक्रम	
५९.	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगतकट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ। यस बर्ष पालिकाले रु. २,२४,९८,००० सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।	
५९.१.	**वितरण व्यवस्था -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १६ मा पालिकाले प्रथम चौमासिक भत्ता असोज १ गतेबाट दोश्रो हप्ताभित्र, दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेश्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ताभित्र भूक्तानी गरी सक्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष प्रथम चौमासिकको रकम असोज १०, दोश्रो जेठ ५ र तेश्रो असार २९ गते निकाशा गरेको देखियो। कार्याविधिले तोकेको समयमा नै लाभग्राहीलाई भत्ता वितरण गर्नुपर्दछ।	
५९.२.	**पारदर्शिता -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३३(घ) बमोजिम पारदर्शिता प्रवर्द्धनका लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लागग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहले आफ्नो वेभ साइटमा राख्ने व्यवस्था भए पनि पालिकाले आफ्नो वेभसाइटमा राखेको देखिएन।	
५९.३.	**निरीक्षण तथा अनुगमन -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाइ तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन।	
५९.४.	**सार्वजनिक सुनुवाई -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३५ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ।	
५९.५.	**बैंकमार्फत भूक्तानी -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २२ बमोजिम सामाजिक सुरक्षा भत्ताको रकम बैंक मार्फत मात्र लाभग्राहीको खातामा उपलब्ध गराउनु पर्ने व्यवस्था भएतपनि यस आर्थिक वर्षसम्म यस पालिकाले हातहातै भत्ता रकम वितरण गरेको पाइयो। यसले कार्यविधिको पालना गरेको पाइएन ।	
५९.६.	**एम.आई.एस. मा प्रविष्टि -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १० बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको अनुसुची ५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ। साथै लाभग्राहीको तोकिए बमोजिमको विवरण निर्दिष्ट समयभित्र एम.आई.एस. मा प्रविष्टि गर्नुपर्नेछ भन्ने व्यवस्था छ। कार्यालयले एम.आई.एस. अभिलेख राखेको देखिएन।	
५९.७.	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २५(क) बमोजिम बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नं. र जम्मा भएको रकम सहितको विवरण चौमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई विद्युतीय माध्यममा अनिवार्य रुपमा पठाउनुपर्नेमा यो आ.व.मा बैंक मार्फत कारोवार नै गरेको पाइएन ।	

५९.८.	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने ब्यात्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ।	
६०.	**स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम** - स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार २ परियोजना सञ्चालन गर्न रु.२००००००० बजेट प्राप्त भएकोमा रु.२००००००० खर्च भई १००प्रतिशत भौतिक प्रगति प्राप्त भएको देखिन्छ ।	

आयोजनाको प्रकार	आयोजनाको संख्या	बजेट रकम	खर्च रकम	वित्तीय प्रगति प्रतिश	भौतिक प्रगति प्रतिशत
निर्माण	२	२००००००	२००००००	१००	१००

६१.	**कोरोना कोष तर्फ** – कोभीड १९ को व्यवस्थापन गर्न रु.३३८४००० आम्दानी गरेकोमा विभिन्न कार्यमा रु. २७७५०३० खर्च भई रु.६०८९७० मौज्दात रहेको पाइयो। कोरोना रोकथाम तथा उपचारमा खर्च गर्दा प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ को पालना गरी खर्च गर्ने तर्फ पालिका सम्बद्ध सबै पक्षको ध्यान जानु आवश्यक देखियो।	
६२.	**कन्टिन्जेन्सी खर्च —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसूची १ अनुसार कन्टीन्जेन्सी खर्चको व्यवस्था गरेको छ । मिति २०७०।१।१५ को नेपाल सरकारको निर्णय अनुसार कन्टीन्जेन्सी मध्ये ६०% चालु प्रकृतिको र ४०% पुँजीगत प्रकृतिको खर्च गर्नुपर्ने व्यवस्था छ। कार्यालयले कन्टीन्जेन्सी खर्चको लगत राखी नगरी नहुने खर्चमा मात्र कन्टीन्जेन्सीबाट खर्च गर्नुपर्ने व्यवस्था मिलाउनुपर्दछ।	
६३.	**सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२) (घ) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० अनुसार बेरुजूको लगत राखे र फछ्यौंट गरी सम्परीक्षण गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ ।गाउपालिकाले बाँकी बेरुजू मध्ये डोर समक्ष सम्परीक्षणको लागि रु **७,१९,२९,२४२** पेश गरेकोमा रु. **७,१९,२९,२४२** सम्परीक्षण गरी जानकारी दिईएको छ ।	

आ.व.	बेरुजुको दफा	फर्छ्यौट	
		व्यहोरा	रकम
आ.व. २०७५/७६	०६ (१)	प्रमाण पेश भई फछ्यौंट	९४२५८७५
	०६ (२)	प्रमाण पेश भई फछ्यौंट	२००००००
	०६ (३)	प्रमाण पेश भई फछ्यौंट	१७२२२००
	०७	असुल भई फछ्यौंट	१,०२,२२,५९
	०८	असुल भई फछ्यौंट	१०,१०,०९०
	१०	प्रमाण पेश भई फछ्यौंट	७,१७,९००

		११	प्रमाण पेश भई फछ्र्यौट	२,३६,१९२		
		१२	प्रमाण पेश भई फछ्र्यौट	३९३९५		
		१३ (क,ख)	प्रमाण पेश भई फछ्र्यौट	३५,६००		
		१३ (ग)	प्रमाण पेश भई फछ्र्यौट	४,९७,३४०		
	आ.व. २०७५/७६	१४	प्रमाण पेश भई फछ्र्यौट	४३,७१६		
		१५	प्रमाण पेश भई फछ्र्यौट	९,१००		
		१६	प्रमाण पेश भई फछ्र्यौट	६,५००		
		१८	प्रमाण पेश भई फछ्र्यौट	७२,१६,७४६		
		१९	प्रमाण पेश भई फछ्र्यौट	१५,८२,३२१		
		२०	प्रमाण पेश भई फछ्र्यौट	६,२९,१२०		
		२९	गाउँ सभा लेखा समिति र कार्यपालिकाको निर्णयवाट फछ्र्यौट	४५,९७,०००		
		३०	गाउँ सभा लेखा समिति र कार्यपालिकाको निर्णयवाट फछ्र्यौट	४२,६४,०२०		
		३२	प्रमाण पेश भई फछ्र्यौट	१,३६,९५,०००		
		३५	गाउँ सभा लेखा समिति र कार्यपालिकाको निर्णयवाट फछ्र्यौट	३,००,०००		
		३६	प्रमाण पेश भई फछ्र्यौट	१,२०,०००		
		३७	प्रमाण पेश भई फछ्र्यौट	२,२०,०००		
	आ.व. २०७५/७६	३९	गाउँ सभा लेखा समिति र कार्यपालिकाको निर्णयवाट फछ्र्यौट	११७५२९		
		४०	गाउँ सभा लेखा समिति र कार्यपालिकाको निर्णयवाट फछ्र्यौट	४,००,०००		
		४१	असुल भई फछ्र्यौट	४७८५००		
		४२	गाउँ सभा लेखा समिति र कार्यपालिकाको निर्णयवाट फछ्र्यौट	८९,०८,०४४		
		४६	प्रमाण पेश भई फछ्र्यौट	८२,०६७		
		४८	गाउँ सभा लेखा समिति र कार्यपालिकाको निर्णयवाट फछ्र्यौट	५,४०,०००		
		४९	गाउँ सभा लेखा समिति र कार्यपालिकाको निर्णयवाट फछ्र्यौट	५,४०,०००		
		५०	गाउँ सभा लेखा समिति र कार्यपालिकाको निर्णयवाट फछ्र्यौट	१०,२००		
		५१	गाउँ सभा लेखा समिति र कार्यपालिकाको निर्णयवाट फछ्र्यौट	१,१५,६००		
		५२	गाउँ सभा लेखा समिति र कार्यपालिकाको निर्णयवाट फछ्र्यौट	२०,९८,८७०		
	आ.व. ०७४/७५	४३(२)	प्रमाण पेश भई फछ्र्यौट	४६३९९		

	<table><tr><td>आ.व. ०७३/७४</td><td>३४</td><td>असुल भई फछ्यौंट</td><td>१३२०</td></tr><tr><td></td><td></td><td>जम्मा</td><td>७,१९,२९,२४२</td></tr></table>	
६४.	**अनुगमन** - गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर बिजक, सवारी साधन खरिद र ठेक्का स्वीकृति लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन। बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ।	
६५.	**सञ्चित कोष र बेरुजुको अद्यावधिक स्थिति** - पालिकाको सञ्चित कोषको स्थिति, बेरुजु वर्गीकरण र बेरुजुको अद्यावधिक स्थिति क्रमश अनुसुची १, २ र ३ मा रहेको छ ।	

मिक्वाखोला गाउँपालिका, ताप्लेजुङ को सञ्चित कोष विवरण

अनुसुची १

२०७६।७७

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	लेखापरीक्षण रकम	बेरुजू रकम	प्रतिशत	आय						व्यय				मौज्दात बाँकी
					गतवर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व बाँडफाँट रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूंजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
मिक्वाखोला गा पा	ताप्लेजुङ	५४१४६२	१००५०	१.८६	१९३८१	२००९५९	३४५९२	२०८३	३२७०२	२७०३३६	१३९७३८	९९१५३	३२२३५	२७११२६	१८५९१

बेरुजु वर्गिकरण (विनियोजन, राजश्व, धरौटी र अन्य कारोबार)

अनुसुची २

२०७६।७७

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
मिक्वाखोला गा पा	ताप्लेजुङ	५४	२८	३१७६३	०	१४	२१७१३	५४	१४	१००५०	१०२५	१०६८	७९५७	०	०	९०२५	०	०	०

अद्यावधिक बेरुजु स्थिति

अनुसुची ३

२०७६।७७

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	गत वर्षको अनुसूचीबाट	समायोजन	गत बर्ष सम्मको बाँकी बेरुजु	सं.प.को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको बाँकी रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको बाँकी बेरुजु	५८ औं प्रतिवेदन सम्मको बाँकी बेरुजु मध्ये पेश्की
मिक्वाखोला गा पा	ताप्लेजुङ	७७११३	०	७७११३	७१९२९	७१९२९	०	०	५१८४	१००५०	१५२३४	०